“घर घरमा उद्यम फैलाऊँ, गरीबीलाई शुन्य बनाऊँ”

# तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

## Third National Microfinance Members' Summit

चैत्र २८-२९, २०७८ (April 11-12, 2022), काठमाडौं, नेपाल

# ११ बुँदे घोषणापत्र जारी गर्दै तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन सम्पन्न




काठमाडौं । काठमाडौंमा २०७८ चैत्र २८ र २९ गते दुई दिनदेखि सञ्चालन भइरहेको 'तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन' ११ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । सम्मेलनबाट पहिचान गरिएका तीन मुख्य समस्याहरु गरीबी, बेरोजगारी र वातावरणीय प्रतिकूल परिस्थितिको दुष्प्रभावलाई न्यूनीकरण गर्दै स्वावलम्बी, स्वाभिमानी, आत्मनिर्भर र उद्यमशील समाज/समुदाय निर्माणमा आ-आफ्नो क्षेत्रमा अगाडि बढ्ने सहकारी एवम् लघुवित्त संस्थाहरूले संकल्प गरेका छन् ।

'घर-घरमा उद्यम फैलाऊँ, गरबीलाई शुन्य बनाऊँ' भन्ने नारालाई मूर्तरूप दिन सम्मेलनका सहभागी सदस्यहरूले आ-आफ्नो क्षेत्रमा उद्यमशीलता अभिवृद्धि गर्न अभियन्ताका रूपमा काम गर्ने प्रतिबद्धता जनाएका छन् । सम्मेलन आयोजक समितिका अध्यक्ष एवं लघुवित्तका अगुवा अभियन्ता शंकर मान श्रेष्ठले पनि सो नारालाई मूलमन्त्र बनाएर कार्यान्वयनमा ल्याउन उपस्थित सदस्यहरूलाई आग्रह गरे । 'घरघरमा उद्यम फैलाउने र गरीबी शुन्य बनाउने अभियानको अभियन्ता बन्नुहोस्', उनले भने, 'तपाईंहरु सबैले आफ्ना वरिपरिका दाजुभाई दिदी बहिनीहरूमध्ये ५ जनालाई आफूजस्तै उद्यमी बनाउने अभियान चलाउनुहोस्, हाम्रो संकल्प कार्यान्वयन हुन्छ ।'

यो सम्मेलनमा लघुवित्तको माध्यमबाट सिर्जित सफलताका कथाहरु सुन्दा निकै उत्साहित बनाएको र 'गरे के नहुने रहेछ' भन्ने महशुस पनि गराएको स्वावलम्बन विकास केन्द्र (सीएसडी)का अध्यक्ष समेत रहेका श्रेष्ठले बताए । उनले आवश्यकता र तोकिएको मापदण्ड भन्दा बढी कर्जा नदिन सहकारी तथा लघुवित्त संस्थाहरूलाई सुझाव पनि दिए । यस्तै, लघुवित्तबाट कर्जा लिएर उद्यमी बनेका मध्येबाट १० सफल उद्यमीहरूलाई पुरस्कृत गर्ने पनि उनले सुनाए । हरेक लघुवित्त संस्थाले आफ्नो कार्यक्षेत्रको कम्तीमा 'एक गाउँमा इको भिलेज' विकास गर्न पहल गर्नुपर्ने ११ बुँदे संकल्पपत्रमा उल्लेख छ । तीनै मध्येबाट १० उत्कृष्ट इको भिलेज छनोट गरी पुरस्कृत गर्ने उनले बताए । यस्तै, आगामी दिनमा १० वटा उत्कृष्ट ३ शुन्य क्लब छनोट गरेर पनि पुरस्कृत गर्ने उनको भनाई थियो ।

सम्मेलन आयोजक समिति सदस्य तथा स्वावलम्बन विकास केन्द्रका उपाध्यक्ष महेन्द्र कुमार गिरीले सम्मेलन सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नुका साथै सम्मेलन पछि सबै सरोकारवालाहरूले ११ बुँदे घोषणापत्रको मर्म अनुसार काम गर्ने विश्वास व्यक्त गरे ।

सम्मेलनको सांस्कृतिक उपसमिति संयोजक शोभा बज्राचार्यले सम्मेलनमा चलेका विभिन्न सत्रका छलफलबाट निकै उपलब्धिपूर्ण निष्कर्ष निस्किएको बताईन् । लघुवित्त संस्थाहरूले महिलालाई उद्यमी/स्वरोजगार मात्र नबनाई नेतृत्व तहसम्म पुग्ने खुड्किलो समेत बनेको उनको भनाई थियो । 'पहिला आफ्नो नाम भन्न पनि लजाउनेहरु अहिले आफ्नो दु:ख र सफलताका कथा निर्धक्कसँग भन्न सक्ने भएका छन्' उनले भनिन्, 'गाउँगाउँमा उद्यमी महिला जन्माउन लघुवित्तको योगदान महत्वपूर्ण छ ।'

जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाको पोखरा स्थित बिरौटा केन्द्रकी प्रमुख देवी माया अधिकारीले नपढेका महिलाहरूले पनि 'ऋण लिन, उद्यम गर्न, पैसा कमाउन र परिवार पाल्न सक्छन्', है भन्ने सन्देश प्रवाह गर्न लघुवित्त संस्थाहरु सफल भएको बताईन् । उनले भनिन्, 'पहिला महिलालाई नेतृत्वमा आउन आर्थिक अभाव अवरोध बनेको थियो, अहिले गाउँगाउँमा महिलाहरु उद्यमी बन्न थालेका छन्, जसले महिलाहरूलाई नेतृत्वमा पुग्न पनि सहज बनाएको छ ।' लघुवित्तबाट कर्जा लिएर उद्यमी भएका कतिपय मानिसहरु आर्थिक रूपमा सबल बन्दै गएपछि राजनीति, नीति निर्माणको तह, सामाजिक संघसंस्थाको नेतृत्वसम्म पुगेका उदाहरणहरु प्रशस्त छन् । पहिला लघुवित्तबाट बिनाधितो कर्जा लिएर उद्यमी बनेकाहरु अहिले ठूला बैंकहरूमा सम्पत्ति धितो राखेर कर्जा लिई व्यवसाय विस्तार गर्ने अवस्थामा पनि पुगिसकेका छन् । लघुवित्तले सशक्तीकरणमा पनि उत्तिकै भूमिका खेलेको सम्मेलनमा सहभागीले बताए ।

सो अवसरमा लघुवित्तबाट कर्जा लिएर सफल उद्यमी बनेका तीन जना महिलालाई पुरस्कृत गरिएको थियो । काठमाडौंको धर्मस्थलीमा गाईपालन गरिरहेकी बबिना गुरूङ, दाङको तुलसीपुरमा गाई पालिरहेकी सरिता रेउले र रंगेली-१, मोरङमा तरकारी खेती गरिरहेकी सरिताकुमारी शाह उत्कृष्ट उद्यमी बनेका छन्, जसलाई लघुवित्तका अभियन्ता श्रेष्ठले जनही २५ हजार रूपैयाँ र प्रमाणपत्रसहित सम्मानित गरे । यस्तै, स्वावलम्बन विकास केन्द्रले सुर्खेतको जनज्योती माध्यमिक विद्यालयमा अध्ययनरत १० जना विपन्न वर्गका छात्रछात्रालाई जनही ३० हजारका दरले छात्रवृत्तिसमेत प्रदान गरेको छ । विद्यालयका प्रधानाध्यापक नारायण सिग्देललाई एकमुष्ठ ३ लाख रूपैयाँको चेक हस्तान्तरण गरिएको छ ।

सम्मेलनमा घोषणापत्र मस्यौदा समितिका सदस्य भोजराज बस्यालले ६० लाख घरधुरीमा लघवित्तले वित्तीय पहुँच पुऱ्याएको सुनाए । प्रधानमन्त्रीको शुभकामना सन्देश, कायममुकायम गभर्नर निलम ढुंगनाको मन्तव्य, विज्ञ स्रोत व्यक्तिहरूबाट प्राप्त विचार एवं महिला सदस्यहरूको मन्तव्यबाट प्राप्त बुँदाहरूलाई समेटेर घोषणापत्र (संकल्पपत्र) तयार पारेको उनको भनाइ थियो । घोषणापत्रको मस्यौदा तयार पार्न बस्याल, शारदा पोखरेल, हिराकुमारी थान्दारसहित ४ जनाको योगदान थियो ।

# यस्तो छ ११ बुंदे घोषणापत्र

१) 'घर-घरमा उद्यम फैलाऊँ, गरबीलाई शुन्य बनाऊँ' भन्ने नारालाई मुर्त रूप दिन सम्मेलनका सहभागी सदस्यहरूले आ-आफनो क्षेत्रमा उद्यमशीलता अभिवृद्धि गर्न अभियन्ताको रूपमा कार्य गर्ने ।

२) लघुवित्त संस्थाहरूले आफ्ना ग्राहक सदस्यहरूको वृद्धि मापन गरी सम्भावित उद्यमी सदस्यहरूको पहिचान गरी उनीहरूलाई व्यावसायिक रूपमा सक्षम उद्यमी बनाउनको लागि स्थानीय सेवाप्रदायक, संस्थाहरु स्थानीय निकायहरूसँग समेत समन्वय गरी उद्यमशीलता अभिवृद्धिको लागि सहजीकरण गर्ने ।

३) हालसम्म पनि लघुवित्तको पहुँचबाट टाढा रहेका तथा दुर्गम स्थानका अतिविपन्न वर्गमा पर्ने परिवारहरूको पहिचान गरी विवरण तयार गर्ने र कार्य योजना बनाइ प्रभावकारी ढंगले कार्यान्वयन गर्ने । यसरी समेटिने अति विपन्न परिवारको अनुगमन प्रणालीमा समेत विकास गर्ने ।

४) लघुवित्त सेवाको आधारभूत मुल्य मान्यता तथा ग्राहक संरक्षण सिद्धान्तहरु पूर्ण पालना हुने गरी कार्य पद्धतिमा पुनरावलोकन गरी पूर्ण प्रतिबद्धताका साथ कार्यान्वयन गर्ने ।

५) लघुवित्तका सदस्यहरूलाई ऋणको अतिभारबाट जोगाउन साख सूचना लिने दिने कार्यलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गर्ने । कर्जा सूचना केन्द्रबाट लघुवित्त संस्थाहरूबीच मात्र साख सुचना लिनेदिने पद्धतिलाई 'क', 'ख', 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरु र सहकारी संस्थाहरूबीचको विपन्न वर्ग कर्जा कारोबारलाई समेत साख सूचना लिने दिने पद्धति लागु गर्न सम्बन्धित निकायहरु समक्ष अनुरोध गर्ने ।

६) लघुवित्तको माध्यमबाट गरीबी न्यूनीकरण गर्न साविकको कार्य पद्धतिमा भएको कमि कमजोरी यकिन गरी कर्जाको सदुपयोग, स्वरोजगारी, वचत परिचालन, बीमा, सुरक्षण, बजारीकरणको प्रणाली क्रियाशील रहने व्यवस्था गर्ने ।

७) लघुवित्तका असल प्रयासहरु दोस्रो पुस्ता, अर्थात सदस्यका छोराछोरी जस्ता युवाहरूलाई उनीहरु अध्ययन गर्ने विद्यालय, कलेजमा गई अन्तरक्रियाको माध्यमबाट घरपरिवारको आर्थिक अवस्था, पारिवारिक बजेट, कर्जा, बचत, बीमा, रेमिटान्स, डिजिटलाइजेसन, स्वरोजगारी, उद्यमशीलता, पर्यावरण संरक्षण जस्ता विषयमा छलफल गर्ने । उनीहरूलाई ३ शुन्य क्लबको माध्यमबाट पनि परिचालन गर्ने ।

८) सदस्यका छोराछोरीहरु अर्थात् युवाहरूलाई स्थानीय साधन स्रोत, सम्भावनाहरु पहिचान गर्ने र ती साधन स्रोत परिचालन गरी पर्यावरणलाई कम भन्दा कम हानी गर्ने गरी व्यवसाय संचालन गर्न स्वरोजगार बन्न, रोजगारीका अवसर सृजना गर्न घरपरिवारबाट, स्थानीय निकायहरूबाट र लघुवित्त संस्थाहरूबाट अभिप्रेरित गर्ने । युवाहरूको स्वभाव नै सृजनशील हुने कुरालाई मनन गरी नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने । लघुवित्त संस्थाहरूमार्फत त्यस्ता युवाहरूलाई समेत वित्तीय सेवा उपलब्ध गराउने ।

९. लघुवित्त संस्थाहरूले सदस्यहरूको हित एवम् सुरक्षाको लागि बीमा कम्पनीहरूसँगको समन्वयमा कर्जा बीमा, लघुबीमा जस्ता कार्यक्रमहरूमा आबद्ध गराई उनीहरूको सुरक्षणको प्रबन्ध मिलाउने । उपलब्ध सेवाहरु आवधिक रूपमा पुनरावलोकन गर्दै सदस्यहरूको आवश्यकता अनुसार सेवाको दायरा बढाउँदै लैजाने ।

१०. बिग्रँदो वातावरणीय प्रभावलाई न्यूनीकरण गर्दै सकेसम्म वातावरणमा कम हानी पर्ने गरी दिगो कृषि प्रणाली, पानीको मुहान संरक्षण, बोटबिरूवाको संरक्षण सहितको स्वरोजगारीयुक्त उद्यमशील स्वावलम्बी नमुना गाउँको विकास गर्न हरेक लघुवित्त संस्थाले आफ्नो कार्यक्षेत्रको कम्तीमा एक गाउँमा पहल गर्ने ।

११. हरेक संस्थाले कम्तीमा एउटा स्थानीय माध्यमिक विद्यालयसँग सहकार्य गरी उद्यमी निर्माण केन्द्रको रूपमा विकास गर्ने । सो स्कुलमा अध्ययन गर्ने सदस्यका छोराछोरीहरूसँग संवाद गरी उद्यमी बन्न प्रोत्साहित गर्ने र कर्जा सुविधा उपलब्ध गराउने ।

# मुलुकको समृद्धि कृषि र लघु उद्यमबाट मात्र सम्भव



काठमाडौं । नेपालको गरीबी निवारण र बेरोजगारी समस्या समाधान गर्न कृषि र लघु उद्यमबाट मात्र सम्भव रहेको सरोकारवालाहरूले बताएका छन् । तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा "स्वरोजगारीको सिर्जना गरी बेरोजगारी शुन्य बनाउन लघुवित्तले खेल्नुपर्ने भूमिका र कार्यनीति" सत्रमा बोल्दै छिमेक लघुवित्त वित्तीय संस्थाका कार्यकारी अधिकृत चोला राज शर्मा जोशीले नेपालको गरीबी १७ प्रतिशतमा झार्न लघुवित्तको महत्वपूर्ण योगदान रहेको बताए ।

'बाँझो रहेको १० लाख ३० हजार हेक्टर जमिन उपयोगमा ल्याउन सके अझै धेरै रोजगारी र उत्पादन गर्न सकिन्छ' शर्माले भने, 'अब गरिबलाई पैसा होइन वित्तीय साक्षरता र सीप दिनुपर्छ ।' लघुवित्तबाट ३ हजार रुपैयाँ लिएका अहिले करोडपति बनेको शर्माको भनाइ थियो । अब कृषिको व्यवसायीकरणका लागि बजारीकरण र कृषिमा नविनतम प्रयोग गर्नुपर्ने शर्माले बताए ।

सोही सत्रमा बोल्दै किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका महाप्रबन्धक डम्बरबहादुर शाहले बजारमा सिण्डिकेट र बिचौलियाको अन्त सहकारी मार्फत हुन सक्ने बताए । स्वीडेनमा सहकारीहरूले दुग्ध उत्पादन र बजारीकरण राम्रो गरेको, जापानमा चामल, क्यानाडामा खाने तेलको उत्पादन र बजारीकरणमा सहकारीले उत्कृष्ट भूमिका निर्वाह गरेको भन्दै त्यसको सिको नेपाली सहकारीले गर्न सके कृषिजन्य उत्पादनमा देखिएको हाम्रो परनिर्भरता हट्ने उनले बताए । अहिले कृषि सहकारीहरूले प्लाष्टिकको सट्टा दुनाटपरी प्रयोग गरी नयाँ अभियान ल्याएको उनले बताए ।

सोही सत्रमा बोल्दै मुक्तिनाथ कृषि कम्पनी लिमिटेडका नायव महाप्रवन्धक रामशरण तिमिल्सिनाले पछिल्लो पाँच वर्षमा बैंक तथा वित्तीय संस्थाबाट कृषिजन्य क्षेत्रमा हुने लगानी १५० प्रतिशतले वृद्धि भएको बताए । उनका अनुसार कृषिजन्य वस्तुको आयातसमेत ८७ प्रतिशतले बढेको छ । बजारको माग अनुसार कृषिजन्य वस्तुको उत्पादन गरी निर्यात बढाउन सके गरीबी र बेरोजगारी समस्या अन्त्य गर्न सकिने तिमिल्सिनाले सुझाए । 'हाम्रा उत्पादनलाई मुल्य श्रृंखलासँग जोड्नु आजको आवश्यकता हो ।

गाउँको उत्पादन शहरमा र शहरको पैसा गाउँमा पुऱ्याउन सके समृद्धिको आधार कृषि बन्न सक्छ । कृषि उद्यम विकास केन्द्र स्थापना गरी धेरैभन्दा धेरैलाई कृषिमा लगाउन व्यवस्था मिलाउन आवश्यक छ', उनले भने । कार्यक्रमको सहजकर्तासमेत रहेका निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत जनार्दन देव पन्तले हरेक वर्ष श्रम बजारमा प्रवेश गर्ने पाँच लाखमध्ये धेरै युवालाई लघुवित्तले रोजगारी दिइरहेको बताए । लघुवित्तबाट कर्जा पाएका युवाहरूले अन्यलाई पनि रोजगारी दिइरहेको उनले बताए । नेपालको बेरोजगारी र गरीबी हटाउनका लागि सबै एक हुनुपर्नेमा उनको जोड थियो ।

बाँकी पृष्ठ ५ मा

# एउटा लघुवित्तबाट कारोबार गरे मात्र डुप्लिकेसन कम हुन्छ : *पूर्व गभर्नर नेपाल*




काठमाडौं । नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. चिरञ्जीवी नेपालले लघुवित्तकर्मीमा अनुशासन हराउँदै गएको बताएका छन् । मंगलबार तेस्रो लघुवित्त सम्मेलनमा उठेका प्रश्नहरूको जवाफमा डा. नेपालले लघुवित्तमा आएको डुप्लिकेसन रोक्न एउटै लघुवित्तबाट मात्रै कारोबार गर्न आग्रह गरेका छन् ।

डा. नेपालले अहिले एउटै व्यक्तिलाई ३/४ वटा लघुवित्तहरूले कर्जा प्रवाह गरेको आफूले पाएको बताए । देश आर्थिक अनुशासनमा नबस्दा अर्थतन्त्र नकारात्मक दिशातर्फ अघि बढेको भन्दै लघुवित्त संस्थाहरु पनि अनुशासनमा बस्न नसके देशकै हालत हुनसक्ने बताए । उनले अहिले लघुवित्तले घर-घरमा पुगेर पैसा लगानी गरेको र त्यस्तो लगानीमा बढी ब्याज लिएर लघुवित्तको मर्म विपरीतका काम पनि भइरहेको बताए ।

लघुवित्तले समाजमा कम पढेकाले पनि राम्रो आर्थिक उर्पाजनमा सहयोग पुऱ्याउने नेपालले बताए । सरकारले नै गरीबी १५ प्रतिशतमा झार्ने भनिरहेको बेला लघुवित्तकर्मीहरूले शुन्यमा झार्ने उद्देश्यको सराहना व्यक्त गरे । लघुवित्त संस्थाले दिएको कर्जाले अर्थोपार्जन गरी समाजमा रोजगारी सिर्जना गर्ने माध्यम बनेको डा. नेपालले बताए । पैसा परिचालन गर्ने ठाउँ लघुवित्त भएको बताउँदै डा. नेपालले लघुवित्तको सोच समाजसेवा पनि रहेको बताए । 'अहिले लघुवित्तले घर-घरमा पैसा पुऱ्याएका छन् तर, हाम्रा नेपाली दाजुभाइहरु पैसा खोज्न दुबई कतार पुगेको अवस्था छ', उनले भने । उनले पढेलेखेकाले स-साना व्यवसाय गरेर आयआर्जन गर्न नसकेको उदाहरण दिँदै नेपालमा भने कम पढेकाको लघुवित्तले जीवनस्तर उकासेको देख्दा लोभ लागेको बताए ।

कार्यक्रममा नेरुडे लघुवित्त संस्थाका अध्यक्ष तथा टिप्पणीकार डा. भेषप्रसाद धमलाले एउटा लघुवित्तबाट कर्जा लिएर अर्काको कर्जा तिर्ने परिपाटी लघुवित्तको मर्मको प्रतिनिधित्व नगर्ने बताए । उनले ब्याजको प्रलोभनमा लघुवित्तबाट कर्जा लिएर समाजमा लगानी गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्ने धारणा राखे । धमलाले लघुवित्तले कृषिको उत्पादकत्वमा वृद्धि गरी आयातलाई प्रतिस्थापन गर्न भूमिका खेल्नुपर्ने धारणा राखे ।

कार्यक्रममा फर्स्ट माइक्रो फाइनान्सका डेपुटी सीईओ दानराज पन्तले समाजमा गरीबी निवारण ठूलो चुनौतीको रूपमा रहेको बताए । उनले समाजमा रहेको गरीबी घटाउन वित्त र प्रविधिलाई सँगै लैजानुपर्ने बताए । 'गरीबी अन्त्य गर्न सबैभन्दा बढी लघुवित्तकर्मीमा आत्मविश्वास हुनुपर्छ ।' उनले लघुवित्तको प्रडक्ट वातावरण संरक्षणमुखी हुनुपर्ने भन्दै शुन्य गरीबी, शुन्य बेरोजगारी र शुन्य कार्बन उत्सर्जनमा ६० भन्दा बढी क्लबहरूले काम सुरू गरेको बताए ।

स्थानीय सरकार र प्रदेश सरकारसँगको समन्वयले मात्र बेरोजगारी कम गर्न सकिने पन्तले बताए । हाल देशमा २५ हजार मानिस लघुवित्तमा प्रत्यक्ष रोजगारमा रहेको उनले बताए । 'लाखौं युवायुवती विदेशिएका छन्, तिनलाई यही प्रविधि, सीप र पैसा दिएर उत्पादकत्व वृद्धि गर्नेतर्फ लाग्नुपर्छ । बजारमा लाखौंलाख रोजगारी सिर्जना गर्नुपर्ने दायित्व लघुवित्तकर्मीमा रहेको छ', पन्तले बताए ।

समाजमा गरीबी शुन्यमा झार्न लघुवित्तले खेल्नुपर्ने भूमिकाको विषयमा आत्मनिर्भर लघुवित्तकी आसमानी चौधरीले समुहगत छलफलको निष्कर्ष पेस गरेकी थिइन् । उनले लघुवित्त कार्यक्रमका बारेमा विद्यालयबाटै पढाइ सुरू हुनुपर्ने र परनिर्भरताको सोचमा परिवर्तन जरूरी रहेको बताइन् । उनले एक गाउँ एक उत्पादनलाई प्रोत्साहन र शिक्षालाई प्रविधि र उत्पादन वस्तुलाई बजारसँग जोड्नुपर्ने मुख्य कार्यभार रहेको बताइन् । अति विपन्न परिवारको आयआर्जन उकास्न विशेष प्रकारको सेवा दिएमात्र गरीबी शुन्यमा झार्न सकिने चौधरीले बताइन् ।

कार्यक्रममा निर्धन उत्थान लघुवित्तका सीईओ जनार्दन देव पन्तले नेपालमा प्रत्येक वर्ष बजारमा ५ लाख रोजगार जनशक्ति उत्पादन हुने र त्यसलाई लघुवित्तले अधिकतम प्रयत्न गर्नुपर्ने बताए । सीप विकास गर्दै सीपमा आधारित व्यवसाय विस्तारमा सहयोग पुऱ्याउनुपर्नेमा जोड दिए । पन्तले बचतको आवश्यकता गराई व्यवसायमा आकर्षित गर्न सकेमात्र रोजगारी बढ्न सक्ने बताए । निर्वाहमुखी व्यवसायबाट माथि उठ्न नसके रोजगारी सिर्जना नहुने भन्दै पन्तले बेरोजगारी अन्त्य गर्न लघुवित्त र सहकारीको महत्वपूर्ण भूमिका रहेको बताए ।

कार्यक्रममा महुली लघुवित्तका सीईओ गंगाधर पाण्डेले वातावरणमैत्री गाउँ बनाउन लघुवित्तले खेल्नुपर्ने भूमिकाका बारेमा धारणा राखेका थिए । वन तथा वातावरणको संरक्षणका लागि नवीकरणीय ऊर्जालाई अधिकतम प्रयोगमा ल्याउनुपर्ने बताए । त्यसका लागि घरायसी गोवरग्यास तथा सुधारिएको चुलो आवश्यक रहेको बताए । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई नवीकरणीय ऊर्जाका बारेमा अध्यापन र आधुनिक ऊर्जाले वायुमण्डलमा पार्ने प्रभावका बारेमा जानकारी गराएर नवीकरणीय ऊर्जाकाबारे जनचेतना ल्याउन जरूरी रहेको पाण्डेले बताए । आरएमडीसी लघुवित्तका सीईओ ज्योतिचन्द्र ओझाले समाजमा धनी र गरीबबीचको खाडल कम गर्न लघुवित्तले तीन शुन्यको अवधारणा अघि सार्नुपर्ने बताए । ओझाले शुन्य गरीबी, शुन्य बेरोजगारी र शुन्य कार्बन उत्सर्जनमा स्थानीय युवालाई जागरूक बनाउनुपर्ने बताए ।



## 'ग्राहक संरक्षण सिद्धान्त र लघुवित्तमा यसको प्रयोग' माथि चर्चा

# नाफामुखी लघुवित्त र अनावश्यक ऋण लिने ग्राहक समस्याका कारक




काठमाडौं । लघुवित्त सेवा प्रदायक संस्था र ग्राहक दुवै अनुशासित र पारदर्शी भए मात्र यस क्षेत्रमा देखा परेका समस्याहरु हट्दै जाने जानकार हरूले बताएका छन् । 'घर-घरमा उद्यम फैलाऊँ, गरीबीलाई शुन्य बनाऊँ' भन्ने नारासहित काठमाडौंमा आयोजित तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनका वक्ताहरूले सेवा प्रदायक संस्था ग्राहक दुवै प्रतिबद्ध नहुँदा कर्जाको दुरूपयोग, दोहोरो ऋणी लगायतका समस्याहरु देखिएको उनीहरूले बताएका हुन् ।

सम्मेलनको दोस्रो दिन 'ग्राहक संरक्षण सिद्धान्त र लघुवित्तमा यसको प्रयोग' विषयमा कार्यपत्र प्रस्तुत गर्दै आरएमडीसी लघुवित्त वित्तीय संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत पृथ्व बहादुर थापाले सेवा प्रदायकहरूमा आक्रामक कर्जा प्रवाह, कर्मचारीहरूमा ग्राहक संरक्षण सिद्धान्तबारे सामान्य ज्ञान नहुनु, कमजोर अनुगमन, अवस्थ्य प्रतिस्पर्धा लगायतका समस्याहरु देखा परेको बताए । उनले भने, 'सेवा प्रदायकहरु आक्रामक रूपमा कर्जा प्रवाह गर्ने र ग्राहकहरूले पनि चाहिने भन्दा बढी ऋण लिँदा वित्तीय असन्तुलन पैदा भयो । यसले दुवैलाई नोक्सान पुऱ्याउँछ, त्यसैले आ-आफ्नो जिम्मेवारी वहन गर्न दुवै क्षेत्र प्रतिबद्ध हुनु पर्‍यो ।' कर्जा सही ठाउँमा लगानी गर्न ग्राहकहरु पनि सचेत हुनु पर्नेमा थापाको जोड थियो ।

विशेष गरी एउटै व्यक्तिले धेरै संस्थामा दोहोरो सदस्य भई कर्जा लिने र पछि नतिर्ने समस्या बढ्दै गएको भन्दै थापाले भने, 'यसबारे सेवा प्रदायक संस्थाहरूले पनि प्रभावकारी रूपमा ऋण विश्लेषण गर्नु पर्‍यो, कर्मचारीहरूमा पनि यसबारे क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखियो ।' ग्राहक संरक्षण सिद्धान्त कार्यान्वयनबारे विभिन्न ३५ लघुवित्त संस्थाहरूमा अध्ययन गर्दा सो समस्या देखिएको उनले बताए ।

ग्राहकहरूलाई अधिक ऋणबाट बचाउन सेवा प्रदायकबाट भएका प्रयास, पारदर्शिता लगायतबारे गरिएको अध्ययनका क्रममा अधिकांश कर्मचारीहरूमामा ग्राहक संरक्षण सिद्धान्तबारे जानकारी नै नभएको र दोहोरो ऋणीको समस्या बढी पाइएको नायव प्रमुख कार्यकारी अधिकृत थापाले बताए । उनले थपे, 'सर्वेक्षणका क्रममा ३५ वटा वित्तीय संस्थाका ४८ प्रतिशत कर्मचारीले ग्राहक संरक्षण सिद्धान्तबारे तालिम नै लिएका रहेनछन् । तालिम लिएकाहरूमा पनि खासै दक्षता भएको पाइएन ।'

सम्मेलनमा मुक्तिनाथ विकास बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत गोविन्द बहादुर राउतले नेपालका लघुवित्त संस्थाहरूमा ग्राहक संरक्षण सिद्धान्तको कार्यान्वयन र अभ्यासका विभिन्न आयामबारे प्रकाश पारेका थिए । सेवा प्रदायकले ग्राहकहरूलाई हानी नोक्सानी नहुने गरी पूर्ण जिम्मेवारीका साथ सेवाको सुनिश्चितता गर्नु नै यसको प्रमुख सिद्धान्त भएको उनले बताए ।

राष्ट्र बैंकका अनुसार हाल मुलुकभर ५ हजार ९२ लघुवित्तका शाखाहरूबाट सर्वसाधारणले सेवा लिइरेहका छन् । नेपालमा मुल्य निर्धारण, निष्पक्ष र सम्मानपूर्व व्यवहार, सूचनाहरूको गोपनीयता, गुनासो संकलन र नीतिगत व्यवस्था लगायत ग्राहक संरक्षणको सिद्धान्त कार्यान्वयनमा रहेको उनले बताए । ग्राहक संरक्षण सिद्धान्तबारे केन्द्रीय बैंकले पनि छुट्टै नीतिगत व्यवस्था गरेको छ । जस अन्तर्गत लघुवित्तहरूले लिने कर्जाको अधिकतम ब्याजदरको सीमा १५ प्रतिशत तोकिएको छ । नेपाल लघुवित्त बैंकर संघले पनि आचारसंहिता मार्फत ग्राहक संरक्षणका विषयमा विभिन्न व्यवस्था गरेको छ ।

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रामबहादुर यादवले लघुवित्त संस्थाहरु सेवामुखीभन्दा पनि बढी नाफामुखी भएको र ग्राहकहरूले पनि अनावश्यक ऋण लिएर बढी खर्च गर्ने प्रवृत्ति मौलाएकोमा चिन्ता व्यक्त गरे । उनले भने, 'ग्राहकहरूले धेरै संस्थाबाट ऋण लिने र उचित ठाउँमा लगानी नगरेको पनि पाइयो, यसले सेवा प्रदायक र ग्राहक दुवैमा समस्या परिरहेको अवस्था छ, त्यसैले आफ्नो क्षमता र आवश्यकता अनुसार कर्जा लिनुपर्‍यो ।' लघुवित्त संस्थाहरूको अनुगमन प्रणाली कमजोर भएकोले चुस्त बनाउँदै लैजानुपर्नेमा यादवको विशेष जोड थियो ।



# लघुवित्तहरु नाफामुखी मात्रै भए भने घट्दैन गरीबी




काठमाडौं । लघुवित्त संस्थाहरूले वित्तीय पहुँचको दायरा बढाएर गरीबी घटाउन अझै गहन भूमिका खेल्नुपर्ने निष्कर्ष सरोकारवालाले निकालेका छन् । संस्थाहरु नाफामुखी हुँदा पनि लक्ष्य प्राप्तिमा समस्या देखिएको उनीहरूले बताए । काठमाडौंमा सम्पन्न तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको दोस्रो दिन 'गरीबी शुन्य बनाउन लघुवित्तले खेल्नुपर्ने भूमिका र कार्यनीति' विषय समूहगत छलफल भएको थियो । छलफलका वक्ताहरूले गरीबी शुन्य बनाउन लघुवित्तहरूले अझै गहन भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए ।

समूहगत छलफलको सहजकर्ता तथा ग्रामीण महिला उत्थान केन्द्रकी अध्यक्ष आसमानी चौधरीले सम्मेलनले विभिन्न लघुवित्तहरूले गरेका कामको अनुभव साट्ने मौका पाएको बताइन् । यसले सकारात्मक ऊर्जा दिएकाले लघुवित्तकर्मीहरूलाई गरीबी निवारण अभियानमा सहयोग मिल्ने उनले बताइन् । 'काम गर्ने चाहना भए पनि पूँजीको अभावमा छटपटाइरहेकाहरूलाई लघुवित्त संस्थाहरूले सीप र पूँजी दिएर जीवनस्तर उकास्न सहयोग गर्दै आएका छन्,' उनले भनिन्, 'जसका कारण करिब ६० लाख महिला लघुवित्तमा जोडिएका छन् ।'

बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विशाल केसीले संस्थागत र सदस्यगत समस्याहरु गरीबीको कारण रहेको बताए । उनका अनुसार संस्थागत समस्याहरूमा संस्थाको भिजन-मिसन स्पष्ट नहुनु वा लागू गर्न नसक्नु, सञ्चालकदेखि कर्मचारीहरूको लघुवित्त कार्यक्रम सञ्चालन सम्बन्धमा क्षमता कमजोर हुनु, गरीबी निवारणका लागि योजनाबद्ध तरिकाले काम नगरिनु, सदस्यको ज्ञान सीप विकासका लागि क्रेडिट प्लस कार्यक्रमहरु नहुनु, सदस्यहरूलाई वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्न जोड नदिइनु, बढी नाफा वितरण गरी सेयरधनीलाई खुसी बनाउनेतर्फ जोड दिइनुलगायतका समस्याहरु छन् ।

केसीका अनुसार सदस्यगत समस्याहरूमा लघुवित्त कार्यक्रमको मूल उद्देश्य, पद्धति, संस्कारका बारेमा कम बुझाई हुनु, केन्द्र समुह, सदस्य परिचालन सम्बन्धी नीति नियमहरूको पालनामा कमजोरी, वित्तीय साक्षरतामा कमी, व्यवसायबाट अलिकति आम्दानी देखिनासाथ विलासिताका सामग्रीहरु किन्ने, घरजग्गा किन्ने, बनाउने जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्ने, ऋणको भार र त्यसको प्रभाव मुल्यांकन नगरी सानो किस्ता र ब्याज देखेर ऋण लिन उन्मुख हुनु, ऋण तिर्नका लागि ऋण लिने प्रवृत्ति बढ्नु, आफूलाई नचाहिए ऋण झिकिदिन तथा समुहबाट ऋण लिएर मिटर ब्याजमा लगाउनेजस्ता प्रवृत्ति छन् । यस्ता समस्याहरु कम गर्न सकिए गरीबी घटाउन मद्दत पुग्ने उनको निष्कर्ष छ ।

जीवन विकास लघुवित्त वित्तीय संस्थाका सीईओ सञ्जय मण्डलले गरीबको मध्यम, विपन्न र अति विपन्न गरी तीन तह भएको बताए । 'अति विपन्न गरीबीवर्गमा दैनिक जीवन चलाउनसमेत नियमित आय नहुने, बस्ने घर नभएको वा भए पनि सुरक्षित नभएको, आत्मबल/आत्मविश्वास कमजोर भएका अशक्त, रोगी तथा सहाराविहिन, स्वास्थ्य, शिक्षाजस्ता अत्यावश्यक सेवाबाट वञ्चित भएकाहरु पर्छन्,' उनले भने, 'थ्री जिरो सिद्धान्तमा गरीबी, बेरोजगारी, कार्बन उत्सर्जन छन् । जसलाई शुन्यमा झार्ने लक्ष्य लिइएको छ ।' त्यसमा लघुवित्तहरु पनि लागेको उनको भनाइ छ ।

उनका अनुसार गरीबी रहनुका कारणहरूमा चेतनाको कमी, ठूलो परिवार तथा एक जनामा धेरै जना आश्रित हुनु, कुलतमा फसेर फजुल खर्च गर्नु, भविष्यप्रति चिन्तित नहुनु तथा परनिर्भरताको सोच राख्नु, शिक्षा तथा स्वास्थ्यमा पहुँच नहुनु, रोजगारीको अवसर नपाउनुलगायत छन् । त्यसैगरी लघुवित्त संस्थाहरु नाफामुखी भई अस्वस्थ प्रतिस्पर्धामा कार्यक्रम सञ्चालन गर्नु, लघुवित्त सेवा अति विपन्नमा नपुऱ्याउनु, क्षमताभन्दा बढी कर्जा प्रदान गर्नु, लघुवित्त संस्थाले सदस्यको प्रगतिको लेखाजोखा नगरी संस्थाको वित्तीय सूचकमा मात्र जोड दिनुलगायत छन् ।

शुन्य गरीबीका लागि विपन्न स्वयंमले परनिर्भरताको सोचमा परिवर्तन ल्याउने, सरकारी सेवा तथा सहुलियत लिन अग्रसर हुने, सानो परिवार बनाउने, छोरा छोरीको शिक्षामा जोड दिनेलगायतको काम गर्नुपर्ने उनको भनाइ छ । 'लघुवित्त संस्थाले अति विपन्नको खोजी गरी तथ्यांक राख्ने, विशेष प्रकारको सेवासहित समावेश गराउने, वित्तीय साक्षरताका लागि ज्ञान दिई सोचमा परिवर्तन गराउने, ऋणको अधिक भार हुन नदिई क्षमताअनुसार कर्जा प्रवाह गर्ने तथा नगद प्रवाहको आधारमा भुक्तानी प्रक्रियाको व्यवस्था गर्नुपर्छ,' उनले भने ।

नियमनकारी निकायले अति विपन्नलाई अनिवार्य सेवा दिने गरी नीतिगत व्यवस्था गर्ने तथा आवश्यकता अनुसार प्रोत्साहन गर्ने, लघुवित्त संस्थाले प्रदान गर्ने सेवाहरूमा नियन्त्रण गर्नुको साटो विविधिकरण प्रदान गर्न प्रोत्साहन गर्ने, विपन्नमा हित हुने किसिमको सेवा प्रदानमा रोक नलगाउने जस्तै (पेन्सन बचत), ग्रामीण क्षेत्रमा उद्यमशीलतातर्फ अग्रसर व्यक्तिका लागि प्रोत्साहन कार्यक्रम ल्याउने लगायतका काम गर्नुपर्ने उनको निष्कर्ष छ ।

---

पृष्ठ २ बाट क्रमश...

## मुलुकको समृद्धि...

लघुवित्तकर्मी राम प्रसाद ढकालले १० रूपैयाँको उत्पादनलाई विक्रेताले १०० रूपैयाँ असुलेको भन्दै बिचौलिया नियन्त्रण गर्ने नीतिको खाँचो औंल्याए । त्यस्तै, उपकार लघुवित्तका प्रमुख कार्यकारी अधिकृत शारदा पोखरेलले रासायनिक मलको सट्टामा जैविक खेतीमा लाग्नुपर्नेमा जोड दिइन । उनले अर्गानिक खेती प्रणालीबाट देशको खाद्य आवश्यकता पूर्ति हुन सक्ने वा नसक्ने विषयमा विज्ञलाई जिज्ञासा राखेकी थिइन् । आयात न्यूनीकरणका उपायमा लाग्नसमेत पोखरेलले सुझाव दिएकी थिइन् ।

लघुवित्त सदस्य भगवती पाण्डेले आफ्नो छोरालाई वैदेशिक रोजगारीमा नपठाएर घरमै भैंसीपालन व्यवसायमा लगाएको बताइन् ।

जसबाट नवलपरासीमा दैनिक १ सय लिटरभन्दा धेरै दूध बिक्री गरेको बताउँदै उनले बाख्रा पालनसमेत गरेको बताइन । सहभागीहरूले विदेशमा गएर अफ्ठ्यारो काम गर्नुभन्दा नेपालमै नवीनतम कृषि कार्य र अन्य उद्यम गरेर आम्दानी गर्न सकिने बताएका थिए । सहभागीहरूले नेपाललाई कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउन सबैको हातेमालो आवश्यक रहेको बताएका थिए ।

## गरीबीलाई शुन्यमा झार्न लघुवित्तले कस्तो योगदान गर्न सक्छन् ?



### सुनिता श्रेष्ठ

सदस्य, सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड, काठमाडौं

लघुवित्तले गरीबी घटाउन धेरै सहयोग गरेको यो सम्मेलनमा आएर थाहा पाइयो । देशका विभिन्न ठाउँ तराई, पहाड, हिमाल सबैतिरका मानिसहरु लघुवित्त सम्मेलनमा आउनुभएको छ । दिदी बहिनीको कुरा सुन्दा लघुवित्त संस्थाहरूले गरीबी हटाएर जीवनस्तर माथि उठाउनका लागि धेरै सहयोग गरेका रहेछन् । सानोतिनो रकम नपत्याउने गाउँतिर त लघुवित्तहरूले धितो नलिइकन ऋण दिँदा जोश, जाँगर भएको मानिसले त धेरै काम गरेको बुझियो । लघुवित्तकै साथ पाएर धेरै सम्पति जोडेर, धेरै पुँजी जम्मा गरेर आफ्नो परिवारलाई खुसी पारेको यहाँ आएर सुन्न पायौं । काठमाडौंमा त्यति धेरै लागू नहोला तर, बाहिरको मानिसलाई लघुवित्तले धेरै सजिलो भएको छ । उपत्यकाका मानिसहरूलाई पनि व्यवसाय चलाउन एक/दुई लाख खाँचो पऱ्यो भने सहजै ऋण लिएर काम गर्न सकिन्छ । अरूसँग गएर मलाई यति पैसा चाहियो भनेर हारगुहार गर्नुपरेको छैन । बाहिर जिल्लाका दिदीबहिनीले लघुवित्तबाट ठूलो उपलब्धि हासिल गर्नुभएको सुन्दा झन् खुसी लागेको छ । गरीबी घटाउने सबैभन्दा ठूलो संस्था लघुवित्तहरु नै हुन् । सबै लघुवित्तलाई धन्यवाद ।



### उर्मिला डंगोल

सञ्चालक, महिला सहकारी संस्था लिमिटेड, काठमाडौं

महिला सहकारी संस्था लिमिटेडबाट सञ्चालित लघुवित्तबाट म यहाँ लघुवित्त सम्मेलनमा सहभागी भइरहेको छु । जति लघुवित्तमा महिलाहरु समावेश हुनुभएको छ, उहाँहरूलाई बिनाधितो लघुवित्तले पैसा दिन्छ । लघुवित्तले सहयोग गरेर उहाँहरु आफ्नो-आफ्नो व्यवसाय गरेर त्यो व्यवसायलाई माथि उठाउन सफल हुनुभएको छ । जागिरको भरमा हुँदा त दिनभर कमायो खायो हरायो जस्तो हुन्छ । तर, व्यवसायबाट हुने आम्दानी दीर्घकालीन हुने हुँदा परिवार र बालबच्चाको भविष्य सुरक्षित भएको छ । हाम्रो संस्थाबाट लघुवित्तमा लागेर २० हजार महिलाले आफैं कमाएर आफूले थप अरूलाई सहयोग गर्दै आउनुभएको छ । यसरी नै लघुवित्तले गरीबी निमिट्यान्न पार्न सघाएका छन् । यसबाटै बुझिन्छ कि अबको केही वर्षमा लघुवित्तका कार्यक्रमहरूबाटै गरीबी कम भएर जाने छ । यसका लागि लघुवित्तको पहुँच हुनाले देशैभर बढाउनु आवश्यक छ । हामी त्यसमा प्रयत्नरत छौं ।



### सुनिता आचार्य

सदस्य, स्वाबलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड, काठमाडौं

लघुवित्तको रकमलाई सदुपयोग गर्ने हो भने देशव्यापी ठूलो परिवर्तन आउन सक्छ । कृषि, पसललगायत सानो-सानो लगानीबाट ठूलो बन्नुपर्छ र माथि उठ्नुपर्छ भनेर सबै लघुवित्तले सहयोग गरेका छन् । लघुवित्तबाट लिएको रकमलाई फुर्मासी गर्नुभएन, गरीबी त आफैं हटिहाल्छ जस्तो लाग्छ । लघुवित्तले प्रोत्साहन दिन्छ, लगानी दिन्छ, तालिम दिन्छ, सीप दिन्छ त्यसले मानिसको स्तर माथि उठ्छ । यहाँ सम्मेलनमा आएकाको कुरा सुन्दा धेरैको आर्थिक अवस्था माथि उठेको पाइयो । लघुवित्तका कारण गाउँ-गाउँसम्म बचत गर्ने बानी बसेको छ । सानो-सानो बचतले पनि ठूलो काम गरेको छ । बैंकमा सानो रकम बचत गर्न गाह्रो छ । तर, लघुवित्तमा बचत सहज छ र यसले दूर दराजमा राम्रो काम गरेको छ । रकमको सदुपयोग गर्नेहरु गरीबीबाट क्रमशः माथि उठिरहेका छन् ।



### बिना कुमारी झा

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड

जनकपुर, धारापानी शाखा

लघुवित्तमा बसेर म धेरै परिवर्तन भएँ । म शुरुमा बेरोजगार थिएँ । बेरोजगार हुँदा एउटा दिदी समूहमा हुनुहुन्थ्यो । उहाँसँगै मलाई पनि लाग्न उहाँले प्रेरित गर्नुभयो । तिमी पनि यहाँ समूहमा बसेर केही गरीखाऊँ भन्नुभयो । म अविवाहित थिएँ । मलाई केही कुराको थाहा थिएन । मैले शुरूमा ५० हजार लिएर सानो गिफ्ट हाउस खोलेँ । अहिले ठूलो गिफ्ट हाउस खोलेर ३ जनालाई रोजगारीसमेत दिइरहेकी छु । लघुवित्तमा लागेपछि बेरोजगार मान्छे उद्यमी बन्नतिर लागे । कसरी पसल बढाउने भन्नेमै लागे । लघुवित्तकै पैसाले नै मलाई माथि पुऱ्याइदियो । अहिले म दस लाखको व्यवसाय गरिरहेको छु । ५० हजारबाट शुरु भएको व्यवसाय दस लाखको पुगेको छ । घर परिवारमा पनि धेरै सहज भयो । बचत पनि गरिरहेकी छु । म लघुवित्तमा लागेर धेरै राम्रो भए । बेरोजगारहरूले सानोतिनो लगानी गरेर विस्तारै व्यवसायी बन्ने भए लघुवित्तमा लाग्न म महिला दिदीबहिनीलाई आग्रह गर्दछु ।

## ३. उद्यमशीलता विकास गर्न लघुवित्तहरूले कसरी सहयोग गरिरहेका छन् ?



### रन माया तामाङ

सदस्य

महुली लघुवित्त वित्तीय संस्था, चतरा, सुनसरी

मलाई आज निकैखुसी लाग्छ । किनभने हिजोका दिनमा महिलाले घरमा गृहिणी मात्र बनेर काम गर्नुपर्ने अवस्था थियो । अहिले लघुवित्तले गर्दा हरेक महिलाहरु उद्यमशील भएका छन् । हामी २० जनाको साथीहरूको समुह चतरामा छौं । सबै पहिले गृहिणी हुनुहुन्थ्यो । कतिपय महिला सदस्यहरु बोल्न सक्नु हुँदैनथ्यो । यो लघुवित्तको साथ, सहयोग र सपोर्टले गर्दा सबैको जीवन नयाँ भएको छ । कोही बंगुरपालन, कोही बरफ फ्याक्ट्री, कोही भैंसीपालन, कोही गाईपालनमा हुनुहुन्छ । हामीलाई हरेक व्यवसाय गर्न पूँजी चाहिन्छ । पूँजीबेगर त केही पनि हुँदैन । मेरै कुरा गर्दा पूँजी नभएका कारणले पहिले मेरो श्रीमान् गाउँमा पशु डाक्टर भएकाले फिल्डमा हिँड्नुहुन्थ्यो । लघुवित्तका कारण साधारण ऋण लिएर उहाँले पसल खोल्नुभएको छ । मैले इमरजेन्सी ऋण लिएर गुडिया तालिम सिकेर अहिले म प्रशिक्षकको काम गर्छु । त्यो संस्थामा कोही हातखाली छैनन् । सबै उद्यमी महिला भएका छौं र खुसी छौं ।



### लक्ष्मी शाक्य

केन्द्र प्रमुख

जाल्पा सामुदायिक लघुवित्त संस्था लिमिटेड

कास्की (पोखरा शाखा)

वि.सं. २०६० साल देखि म यो संस्थामा सदस्य भएर अगाडि बढी रहेको छु । म यसमा आबद्ध भएर आएदेखि अनुभव गरेको कुरा महिला दिदी बहिनीहरूलाई आर्थिक कारोबारका लागि लघुवित्त संस्थाहरूले धेरै टेवा दिएका छन् । मैले पनि शुरूमा लिएको ८ हजारको ऋणले सानो होटल व्यवसाय शुरू गरेँ । वि.सं. २०६१ साल देखि फ्रेस हाउस खोलेँ । अहिले हाम्रो भान्साघर होटल चलाई रहेको छु । राम्रैसँग चल्दैछ । यी तीनवटै व्यवसायबाट मैले राम्रो लाभ पाइरहेकी छु । हामी महिलाहरु अल्छी बन्नु हुँदैन । जाँगर चलाए जे पनि गर्न सकिन्छ । लघुवित्तले जाँगर चलाएर सीप सिक्न र उद्यमी बनाउन देशैभर सहयोग गरेको छ । सानो लगानीबाट ठूलो-ठूलो स्तरका व्यवसाय गर्न सक्नेसम्म बनाउँछ । यस्ता धेरै उदाहरण नेपालमा छन् । हामीलाई साहू महाजनले नपत्याउने ऋण लघुवित्तले दिएर उद्यमी बनाउँछ । लगनशील बनौं, लघुवित्त संस्थाले ऋण दिएर सहयोग गर्छ । यसैगरी सानो लगानीबाट पनि सबै उद्यमी बन्न लागौं भन्न चाहन्छु ।

## तेश्रो राष्ट्रिय लघुवित्त सम्मेलनबाट के उपलब्धि भएजस्तो लाग्छ ?



**कृष्ण कुमार कामत**
सहभागी
छिमेक लघुवित्त वित्तीय संस्था, विराटनगर

म चाहीँ ममीको सट्टामा लघुवित्त सम्मेलनमा सहभागी भइरहेको छु । मेरो ममी आजभन्दा २० वर्ष अगाडि हामी एकदम सानो हुँदा लघुवित्तमा प्रवेश गर्नुभयो । त्यतिबेला ५ हजार, १० हजार कर्जा पनि हामी गरिबका लागि ठूलो सहयोग हुने गर्थ्यो । त्यस्तो अवस्थाबाट आएको हामीलाई यो सम्मेलनमा सहभागी भएर लघुवित्तबारे थप बुझ्न पाउँदा धेरै खुसी लागेको छ । सबैभन्दा ठूलो महत्वपूर्ण उपलब्धि यही हो । यसअघि लघुवित्तले के योगदान गरेको होला र भन्ने जस्तो लाग्थ्यो । तर, यो सम्मेलनमा सहभागी भएर देशभरका अरु मानिसका कुरा सुन्दा त ठूलो काम पो गरेको रहेछ भन्ने प्रमाणित भयो ।

लघुवित्तले मानिसलाई सबै काममा सक्रिय बनाउँदो रहेछ । सानो स्तरबाट माथि उठाउन यसले गरेको योगदान र यहाँ धेरैका बारेमा सुन्दा साँच्चै गौरव गर्न लायक काम लघुवित्तहरूले गरेका रहेछन् भन्ने लाग्यो । धेरैको सफलताको कथा सुनेर हामी उत्प्रेरित भएका छौं । अरूलाई पनि पैसाको सदुपयोग गरेर राम्रो काम गर्नुपर्छ भन्ने सन्देश लिएर फर्कन्छौं । काम गर्नकै लागि किन विदेशमा जानु, नेपालमा आयात भइरहेको सामान नेपालमै उत्पादन गर्न लाग्छु भन्ने भएको छ । अरूलाई सोही अनुरूपको काम गर्न उत्प्रेरित गर्नेछु ।

## लघुवित्तको कर्जा दिने क्षमता कम हुँदा ऋणी मारमा



**संगीता श्रेष्ठ**
सदस्य
*निर्धन उत्थान लघुवित्त वित्तीय संस्था,* रामकोट

समग्रमा लघुवित्तले गरेको काम एकदम राम्रो छ । व्यक्तिगत ऋण लिन गाह्रो हुन्छ । तर, लघुवित्तले महिलालाई अभिमुखीकरण गर्ने उद्देश्यले कार्यक्रम ल्याउने भएकाले सहज भएको छ । महिलाहरूसँग सीप हुँदाहुँदै पनि आर्थिक अभाव पर्ने समस्यालाई भने लघुवित्तले सघाएको छ ।

यसले महिलाहरूलाई समूहमा विभाजन गरेर बिनाधितो कर्जा प्रवाह गर्दा सहज भएको छ । यद्यपि अहिले लघुवित्तमा पनि कर्जा दिने क्षमता कम भएकाले ऋणीले माग गरेअनुसारको रकम उपलब्ध गर्न सकेको छैन । जसले गर्दा ऋणी सदस्यहरु पनि यसबाट मर्कामा परेका छन् ।

## चार विधामा पुरस्कारको घोषणा, अर्को सम्मेलनबाट दिइने

काठमाडौं । तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको अवसरमा जनही २५ हजार राशीको चारवटा विधामा प्रति विधामा उत्कृष्ट १० जनालाई पुरस्कार प्रदान गर्ने घोषणा गरिएको छ । जुन पुरस्कार हरेक दुई बर्षमा आयोजना गरिने राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको अवसरमा प्रदान गरिने छ ।

**पुरस्कारको विधाहरू:**

१. घरघरमा उद्यमशीलता विकास गर्न उत्कृष्ट काम गर्ने लघुवित्त संस्था, कर्मचारी वा लघुवित्त सदस्य मध्येबाट दश जनालाई
२. वातावरणमैत्री स्वावलम्बन गाउँ निर्माणमा उत्कृष्ट काम गर्ने लघुवित्त संस्था वा कर्मचारी मध्येबाट दश जनालाई
३. तीनशून्य क्लब प्रवर्द्धनमा उत्कृष्ट काम गर्ने लघुवित्त संस्था, कर्मचारी, अन्य व्यक्ति मध्येबाट दश जनालाई
४. गरिबीको रेखामुनी रहेका अति विपन्न परिवारको जीवनस्तर उकास्न उत्कृष्ट काम गर्ने लघुवित्त संस्था वा कर्मचारी मध्येबाट दश जनालाई




## छात्रबृत्ति प्रदान

स्वावलम्बन विकास केन्द्रले सुर्खेत जिल्लाको वराहताल ५, बड्डीचौरमा रहेको जनज्योती माध्यमिक विद्यालयमा अध्ययनरत १० जना विपन्न र जेहेन्दार बालबालिकालाई पढाइ सँगै उद्यमी बन्न सघाउने उद्देश्यले प्रति विद्यार्थी ३० हजार रूपैंया छात्रवृति प्रदान गरेको थियो ।

## लघुवित्तले दिलाएका सफलताका कथा

# लघुवित्तको सहयोगले उद्यमी बन्यौं




काठमाडौं । लघुवित्त अभियानले धेरैलाई उद्यमी बनाएको लघुवित्तको सहयोगबाटै उद्यमी भएकाहरूले बताए । तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा लघुवित्तले दिलाएका सफलताको कथा सुनाउँदै सहभागीहरूले दैनिक गुजारा चलाउन पनि गाह्रो भएको अवस्थामा लघुवित्तको सहयोगबाट उद्यमी बन्न सफल भएको बताए ।

दाङ तुलसीपुरकी सरिता रेउलेले स्वावलम्बन लघुवित्त वित्तीय संस्थाबाट पहिलो पटक ५० हजार रूपैयाँ कर्जा लिएर गाईपालन व्यवसाय गरेकी थिइन् । ४ वटा गाई पालनबाट व्यवसाय शुरू गरेकी रेउले हाल १९ वटा गाई पाल्छिन् । गाई पालन व्यवसाय राम्रो हुँदै गएपछि विदेश गएका उनका श्रीमान् स्वदेश फर्किएको र उनले पनि सहयोग गरीरहेको उनले सुनाइन् । हाल रेउलेले फर्मका लागि भाडामा लिएको जग्गा आफ्नो स्वामित्वमा बनाउन सफल मात्रै भएकी छैनन् करिब १ करोड रूपैयाँ बराबरको सम्पति समेत जोड्न सफल भएकी छिन् ।

भीमदत्त नगरपालिका-३ तिलकपुरकी नितु विष्टको सफलताको कथा पनि उत्तिकै रोचक छ । जीवन धान्न कठिन अवस्था भोगेकी उनले पनि ५० हजार कर्जा लिएर सिलाई-कटाई व्यवसाय शुरू गरेकी थिइन् । अहिले वर्षमा २०-२५ जनालाई सिलाई-कटाई प्रशिक्षण दिंदै अन्य सदस्यहरूलाई उद्यमशीलतातर्फ अघि बढ्न सघाईरहेको बताईन् । हाल विष्टको बार्षिक आम्दानी करिब ९ लाख हाराहारीमा पुगेको छ ।

जीवन विकास लघुवित्त वित्तीय संस्थाबाट ५ हजार कर्जा लिएर व्यवसाय सुरू गरेकी बबिता रिसियासन हाल बाख्रा पालनसँगै १० जनालाई रोजगारी समेत दिएकी छिन् ।

सशस्त्र द्वन्द्वकालमा श्रीमान गुमाएकी कृति देवी चौधरी पाँच हजार कर्जा लिएर ब्युटीपार्लर व्यवसाय शुरू गरेको र अहिले यही व्यवसायमा सफल भईरहेको बताइन् । यी उदाहरण पात्र मात्र हुन्, यी सहित लघुवित्त कार्यक्रमले हजारौं जनालाई उद्यमी बनाएको छ ।

सम्मेलनमा सफलताको कथा सुनाउँदै सहभागीहरूले कृषि, पशु व्यवसाय, जुत्ता चप्पल उत्पादनदेखि धेरै जनालाई रोजगारी दिन सफल भएका छन् । सहभागीहरूले लघुवित्तले कर्जा दिएपछि विदेशीएका घरका सदस्यलाई स्वदेशमै फर्काएर अन्य व्यक्तिलाई रोजगार बनाएको सुनाए ।

धेरै युवाहरू आय आर्जनको स्रोत निर्विकल्प वैदेशिक रोजगारी मात्रै बनाइरहेको सन्दर्भमा विदेशबाट फर्किएर केहीले नेपालमा उद्यम गरिरहेका छन् । घोडाघोडी नगरपालिका-६, कैलालीका रामबहादुर साउद एक उदाहरण पात्र हुन् । रोजगारीका लागि २ बर्ष साउदी बसेर नेपाल फर्किएका उनले साउदीमा तरकारी खेतीमा काम गरेका थिए । हाल आफ्नै ठाउँमा मासिक ३० हजार बढी आम्दानी गरीरहेको बताए ।

११ बर्ष दुबईमा रोजगारी गर्दा पनि आर्थिक उन्नती गर्न नसकेका रंगेली १ मोरङका दल बहादुर धिमाल २०७६ देखि ४ लाखको लगानीमा पशु फार्म शुरू गरेका छन् । अहिले छोराछोरीलाई निजी विद्यालयमा पढाएर घर खर्च जुटाएका मात्रै छैनन व्यवसायको पूँजी वृद्धि गरेर १५ लाख पुगेको बताए । उनको मासिक आम्दानी ६० हजार छ । लघुवित्तबाट कर्जा लिएर व्यवसाय शुरु गरेपछि आम्दानीसँगै अन्य व्यक्तिहरूलाई रोजगारी दिन, बालबच्चाहरूलाई राम्रो शिक्षा दिन, औषधी उपचार गर्न एवं सम्पत्ति जोड्न सफल भएको सहभागीहरूले बताए ।

## २०७७ सालको उत्कृष्ट लघुउद्यमी पुरस्कारबाट तीन महिला पुरस्कृत



काठमाडौं । विभिन्न लघुवित्त संस्थाबाट कर्जा लिएर सफल उद्यमी बनेका तीन जना महिला उद्यमी सदस्य पुरस्कृत भए । काठमाडौंमा भएको दुई दिने 'तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन' को समापन समारोहमा उनीहरूलाई पुरस्कृत गरिएको हो ।

काठमाडौंको धर्मस्थलीमा गाईपालन गरीरहेकी महिला सहयोगी बचत तथा ऋण सहकारी संस्थाकी बबिना गुरूङ, दाङको तुलसीपुरमा गाई पालन गरीरहेकी स्वावलम्बन लघुवित्त वित्तीय संस्थाकी सरिता रेउले र रंगेली-१, मोरङमा तरकारी खेती गरीरहेकी जीवन विकास लघुवित्त वित्तीय संस्थाकी सरिता कुमारी साह २०७७ सालको उत्कृष्ट लघुउद्यमी पुरस्कारबाट पुरस्कृत भएका हुन् । उनीहरूलाई सम्मेलन आयोजक समितिका अध्यक्ष एवं लघुवित्तका अभियन्ता शंकर मान श्रेष्ठले जनही २५ हजार रूपैयाँ र प्रमाणपत्र सहित सम्मानित गरे ।

# वातावरणमैत्री गाउँ विकास गर्न लघुवित्तहरूको भूमिका महत्वपूर्ण



काठमाडौं । वातावरणमैत्री गाउँ तथा शहरको विकास बिना दिगो विकास सम्भव नहुने कार्यक्रमका विज्ञ तथा सहभागीले निष्कर्ष निकालेका छन् । काठमाडौंको होटेल याक एन्ड यतिमा जारी दुई दिने तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन अन्तर्गत'वातावरणमैत्री गाउँको विकास गरी हरित गृह ग्यास उत्सर्जन शुन्य बनाउन लघुवित्त संस्थाले खेल्नु पर्ने भूमिका र कार्यनीति' विषयक अन्तरक्रिया कार्यक्रमका विज्ञ तथा सहभागीले सो निष्कर्ष निकालेका हुन् ।

कार्यक्रममा 'वातावरणमैत्री गाउँ विकास' विषयक कार्यपत्र प्रस्तुत गर्दै ग्रामीण प्रविधि केन्द्रका कार्यकारी निर्देशक डा. पुरूषोत्तम श्रेष्ठले गाउँका समुदाय, परम्परा, संस्कृति र जैविक विविधतामा आँच नपुग्ने गरी वातावरणमैत्री गाउँ विकास गर्नुपर्नेमा जोड दिए । जलवायु परिवर्तन न्युनीकरण, गरीबी न्यूनीकरण, महिला सशक्तिकरण, नवीकरणीय ऊर्जाको प्रयोग, रासायनिक विषादिरहित कृषि प्रणालीको प्रयोग जस्ता कार्यले वातावरणमैत्री गाउँ विकासमा सघाउ पुग्ने उनले बताए । ग्रामीण प्रविधि केन्द्रले विगत ३३ वर्षदेखि वातावरणमैत्री गाउँ विकासमा सघाउँदै आएको भन्दै उनले लघुवित्त संस्थाहरूसँगको सहकार्यमा यसलाई अझ विस्तार गर्दै लान सकिने बताए । वातावरणमैत्री गाउँ विकास कार्यक्रम कार्यान्वयनमा आएका काभ्रेका च्याम्राङवेशी, ढुंखर्क, बेथानचोकलगायतका ठाउँमा केन्द्रले प्रविधिमा सघाउँदै आएको उनले जानकारी दिए ।

सुधारिएको चुलो, गोबर ग्यास, सार्न मिल्ने सुधारिएको फलामे चुलो, सुधारिएको पानी घट्ट, सुधारिएको सिँचाई प्रणाली, सुधारिएको खानेपानी प्रणाली, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल खेती, आकाशे पानी संकलन, सौर्य बत्ती जडान जस्ता कार्यमा केन्द्रले सघाएको उनले बताए । उक्त कार्यक्रममा वातावरणमैत्री जीवन प्रणाली अवलम्बन गर्न, उन्नत जीविकोपार्जन अपनाउन र स्वच्छ ग्रामीण जीवनको विकासमा सहयोग पुगेको उनको धारणा छ । यस्ता कार्यक्रमले सरकारको वातावरणमैत्री स्थानीय शासन प्रारूपका उद्देश्य प्राप्त गर्न सघाउने पनि उनले बताए । वतावरणमैत्री गाउँ विकासमा स्वाबलम्बन विकास केन्द्र जस्ता संस्थाहरूको कोषलाई समेत प्रयोग गरेर अघि बढ्न सकिने उनको भनाई थियो ।

बाँकी पृष्ठ १० मा

# 'तीन शुन्य क्लब'को अवधारणा आजको आवश्यकता

काठमाडौं । समाज स्पान्तरणसँगै युवाहरूमा उद्यमशीलताको विकास गर्न तीन शुन्य क्बलको अवधारणा महत्वपूर्ण रहेको सरोकारवालाहरूले औंल्याएका छन् । गरीबी, बेरोजगारी र वातावरण असन्तुलन हाल विश्वको सबैभन्दा ठूलो चुनौतीका स्पमा रहेकाले यसको समाधान गर्दै उद्यमशीलता विकास गर्न तीन शुन्यको अवधारणा अपरिहार्य रहेको उनीहरूले बताएका हुन् ।

काठमाडौंमा सम्पन्न तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन अन्तर्गत तीन शुन्य क्लबको अवधारणा, महत्व र प्रवर्द्धन विषयमा बोल्दै जीवन विकास लघुवित्त वित्तीय संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मीले यो नयाँ अभ्यासले लघुवित्त क्षेत्रमा नयाँ युगको शुरूवात हुने बताए । नेपालमा लघुवित्त तथा वित्तीय संस्थाहरु स्थापनाकाल देखिकै पुरानो मोडलबाट सञ्चालनमा रहेकाले शुन्य गरीबी, शुन्य बेरोजगारी र शुन्य कार्वन उत्सर्जनरहित समाज निर्माण गर्ने लक्ष्यसहित परिवर्तन गर्दै लैजानु पर्ने रेग्मीले बताए ।

नोबेल शान्ति पुरस्कार विजेता बंगलादेशका प्रोफेसर मुहम्मद युनुसले विश्वमा कार्बन उत्सर्जन, गरीबी र बेरोजगारी शुन्य कायम गर्ने उद्देश्य सहित १० महिना अघि तीन शुन्य क्लबको अवधारणा प्रतिपादन गरेका थिए । सामाजिक र वातावरणीय समस्याहरु समाधान गर्दै । युवाहरूलाई उद्यमशीलताबारे नयाँ सिर्जना गर्न र नेतृत्व गर्न प्रेरित गर्नु नै तीन शुन्य क्लबको मुख्य लक्ष्य छ । सो अवधारणाबारे स्पष्ट पार्दै जीवन विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रेग्मीले समाज परिवर्तनका लागि युवाहरूको नेतृत्वदायी भूमिका अपरिहार्य रहेको र यो अवधारणाले उनीहरूलाई नविनतम सोचका साथै नेतृत्वका लागि पनि प्रेरित गर्ने उल्लेख गरे ।




विश्वव्यापी सञ्जालको विस्तार, ज्ञान र सीपको सदुपयोग गर्दै चुनौतीहरूको सामना गर्न र अन्तर ाष्ट्रिय स्तरको प्रतिस्पर्धामा सहभागी हुन तीन शुन्य क्लब महत्वपूर्ण रहेको रेग्मीले बताए । यस्ता क्लबमा १२ देखि ३५ उमेर समूहका विश्वका जुनसुकै क्षेत्रका जो कोही युवाहरु शुन्य क्लबको सदस्य बन्न सक्ने व्यवस्था छ । हाल नेपालमा विभिन्न ६३ वटा यस्ता क्लबहरु गठन भएका छन् । जसमध्ये जीवन विकास लघुवित्तबाट सञ्चालित क्लबहरूको संख्या मात्र ५० भन्दा बढी छ ।

तीन शुन्य क्लबकी 'कि पर्सन' ज्योति राईले स्वदेशमा नै नयाँ उद्यमशीलताको सोचसहित गरीबी र बेरोजगारी न्यूनीकरणमा सहयोग पुऱ्याउनका लागि आफू यसमा आबद्ध भएको सुनाइन् । कार्यक्रमका सहजकर्ता आरएमडीसी लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत ज्योतिचन्द्र ओझाले तीन शुन्य क्लबहरूले स्थानीय स्रोत साधनको भरपुर उपयोग गर्दै दिगो कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने बताए । कार्यक्रममा सहभागी विभिन्न लघुवित्त संस्थाका प्रतिनिधिहरूले यो अवधारणा नयाँ र सिर्जनशील लागेकाले आगामी दिनमा आफूहरूले पनि क्लब गठन गरी उद्यमशीलता विकासमा लाग्ने धारणा राखेका थिए ।

# विद्यालयस्तरबाटै उद्यमशीलता विकासका लागि शिक्षा दिनुपर्नेमा सरोकारवालाको जोड

काठमाडौं । सरोकारवालाले विद्यालयस्तरबाटै उद्यमशीलता विकासका लागि शिक्षा दिनुपर्नेमा जोड दिएका छन् । काठमाडौंमा मंगलवार समापन भएको 'तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन' अन्तर्गत 'उद्यमशील जनशक्ति विकासको लागि ग्रामीण क्षेत्रका विद्यालयस्तरबाटै उद्यमशीलता विकास गर्ने प्रणाली निर्माणको आवश्यकता र विधि' विषयक छलफलमा सरोकारवालाले सो कुरामा जोड दिएका हुन् । सुर्खेत बड्डीचौरस्थित जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद सिग्देलले देशभर साढे ३ अर्ब बढी मुल्यका तरकारी भारतबाट आयात हुने गरेको बताए । नेपालमा सियोदेखि दात कोट्टयाउने सिन्कासमेत विदेशबाट आयात गर्नुपर्ने अवस्थामा नेपालमै विद्यालयस्तरबाटै सीपमूलक शिक्षा प्रदान गर्नुपर्नेमा उनले जोड दिए ।

सिग्देलले नेपालमा २ करोड ६० लाख हेक्टर जमिन बाँझो रहेको अवस्थामा नेपालमै विद्यार्थीहरूलाई बाल्यकालदेखि सीपमूलक शिक्षा प्रदान गर्नसके नेपालमै रोजगारी सिर्जना गर्नुका साथै बेरोजगारीसमेत घटाउने उनको भनाइ थियो । उनले पहिला सर्च, रिसर्च अनि मात्र खर्च गर्ने अभ्यास विद्यार्थीहरूलाई दिनुपर्ने बताए । 'पढाई पनि कमाई पनि' भन्ने नाराका साथ उनले आफैं सुर्खेतमा जनज्योति माध्यमिक विद्यालय सञ्चालन गर्दै आएको बताए । उनले यस विद्यालयको माध्यमबाट विद्यार्थीहरूलाई आफैं ऋण उपलब्ध गराउँदै स्वरोजगारको अवसर दिइरहेको उल्लेख गरे ।

'हामीहरूमा पहिला खर्च गरेर मात्र सर्च अनि रिसर्च गर्ने बानी छ तर, पहिला सर्च, अनि रिसर्च र त्यसपछि मत्र खर्च गर्नुपर्छ,' सिग्देलले भने, 'हामी ऋण दिन्छौं, सीप छैन भने सिकौं, छ भने रोजगारीमा लागौं ।' उनले ५ कक्षा पढ्ने बालकदेखि १२ कक्षा पढ्ने विद्यार्थीहरूलाई समेत १० हजार रूपैयाँदेखि ऋण उपलब्ध गराई रोजगारीसँगै सीप सिकाइरहेको बताए । पढ्नलाई पैसा नहुने बालबालिकाहरूलाई समेत पढाउँदै रोजगारीको अवसर प्रदान गरेर त्यही कमाउन सक्ने वातावरण सिर्जना गर्दै आएको उनले बताए ।

सिग्देलले आफैंले विद्यार्थीहरूलाई सीप सिकाउने क्रममा १० हजार बोट फलफूलका बिरूवा लगाएका छन् । फलफूल, तरकारी, माछा, मह उत्पादनलगायतका विभिन्न विषयमा शिक्षा प्रदान गर्दै आएका उनी आउँदो समयमा हरेक वस्तु उत्पादनमा देश आफैं आत्मनिर्भर हुनुपर्नेमा जोड दिन्छन् । यस्तै नेपालमा ५ अर्ब बराबरको पोते आयात हुने भन्दै उनले ११/१२ पढ्ने छात्राहरूलाई पोते बनाउने तालिम समेत दिई रोजगार सिर्जना गरेको बताए । हालै मात्र सरकारले १ सय ४० विद्यालयलाई सीपमूलक विद्यालय घोषणा गरेकोमा त्यस्ता विद्यालयको संख्या बढाउनुपर्ने उनले बताए । उनले ' एक स्थानीय तह एक खरिद केन्द्र तथा बिक्री केन्द्र' स्थापना गर्नुपर्ने भन्दै पहिलो चरणमा काठमाडौंको कपनमा विद्यार्थीहरूले उत्पादन वस्तु बिक्रीका लागि बजार खोलिएको बताए ।




किंग्स कलेजका प्रेसिडेट नरोत्तम अर्यालले नेपालमा हाल चलिरहेको शिक्षा प्रणाली विद्यार्थीहरूका लागि उपयोगी नभएको बताए । उनले पछिल्लो समय विद्यालयहरूमा घोकन्ते शिक्षा मात्र विकास हुँदै आएको उल्लेख गर्दै त्यसलाई सीपमूलक प्रयोगात्मक शिक्षाका रूपमा विकास गरेर लैजानुपर्ने बताए । देशको झण्डा बोकेर मात्र नपुग्ने भन्दै उनले आत्मनिर्भरले मात्र अर्थतन्त्र सम्भव नभएको बताए । नेपाली शिक्षा प्रणाली परिवर्तन गर्नुपर्ने भन्दै उनले पढाउनेसँगै गराउने शिक्षा आवश्यक रहेको बताए । 'पढाई भन्दा गराईलाई फोकस गर्नुपर्छ, पढाउने शिक्षा छ, गराउने शिक्षा छैन,' अर्यालले भने, 'उद्यमशीलताका लागि उचित शिक्षा प्रणाली हुनुपर्छ ।' उनले पूँजी हुनेले मात्र शिक्षा पाउने र रोजगारको क्षमता राखेको भन्दै सबैलाई समान शिक्षा, रोजगारको अवसर मिलाउनुपर्ने बताए । जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाकी प्रमुख कार्यकारी अधिकृत विमला योगीले संस्थाको सहयोगी करण गर्दै व्यवसायीहरूका लागि अवसर आएको भन्दै सफल उद्यमी बन्नलाई प्रोत्साहित गरिन् ।

सामाजिक तथा आर्थिक परिवर्तन गर्नका लागि जोश, जाँगर, र सीप भएका युवा तथा महिला यस क्षेत्रमा लाग्नुपर्ने उनले जोड दिईन् । उनले एक अर्कासँग जोडिदै घर-घरमा उद्यमी बन्नुपर्ने बताईन् । 'घर उद्यमी बने, समाज उद्यमी हुन्छ, त्यसैले सबै युवा तथा महिला व्यवसायीहरु 'एसबी क्यान' भनेर लाग्नुपर्छ ।' पूँजीमा महिलाहरूको पहुँच नपुगेको भन्दै उनले लघुवित्त संस्थाबाट घर-घरमा उद्यमी बन्नका लागि सुलभ ऋणको अवसर भएकाले जीवनका उपयोगी सीप सिकेर व्यवसायिकतातर्फ लाग्नुपर्ने बताईन् ।

---

पृष्ठ ९ बाट क्रमश..

## वातावरणमैत्री...

कार्यक्रममा नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी निर्देशक राम प्रसाद काफ्लेले वातावरणमैत्री ग्रामीण विकासबारे एक अवधारणापत्र प्रस्तुत गरे । जलवायु परिवर्तन न्यूनीकरणका लागि हरितगृह ग्यास उत्सर्जनका असर र त्यसको न्यूनीकरण, परिस्थितिक प्रणालीको रक्षा, अनुकुलन जस्ता विषयमा अवधारणा प्रस्तुत गरे । मानव सिर्जित र प्राकृतिक कारणले पृथ्वीको तापक्रम बढ्दै गएको, ६ किसिमका हरितगृह ग्यास उत्सर्जनले मानव तथा जैविक प्रणालीमा असर पारिरहेकोले प्रत्येक मानिसले सचेत भएर आफ्ना क्रियाकलाप र जीविकोपार्जनमा लाग्नुपर्ने उनले बताए ।

वन विनास, आगलागी, जैविक तथा पेट्रोलियम इन्धनको प्रयोग, प्लाष्टिकको प्रयोग, फोहर व्यवस्थापनको समस्या जस्ता कारणले वातावरण प्रदूषण र हरितगृह ग्यास उत्सर्जन बढेको भन्दै उनले यसलाई न्यूनीकरण गर्न सके नेपाललाई बहुआयामिक लाभ प्राप्त हुने बताए । वातावरण जोगाउन जन्मदिन तथा विवाह वर्षगाँठजस्ता उत्सवहरूमा केक काट्नुको साटो रूख रोप्न उनले सुझाए ।

पेट्रोलियम तथा जैविक इन्धनको साटो विद्युत् ऊर्जाको प्रयोग गर्न सके वातावरणमैत्री गाउँ तथा शहरको विकास सम्भव हुने भन्दै उनले विद्युतीय चुलो, विद्युतीय सवारी, विद्युतीय सिँचाई प्रणाली, विद्युतीय उपकरणहरूको प्रयोग बढाउँदै लानु पर्ने बताए । 'विकसित युरोपेली देशहरूमा मोटरसाइकल देखिँदैन,' उनले भने, 'छोटा दूरीको सवारीका लागि साइकलको प्रयोग अत्यधिक देखिन्छ । हामी पनि महँगोमा विदेशबाट पेट्रोल किनेर मोटरसाइकल चढ्नु भन्दा साइकलको प्रयोग बढाउन सक्छौं । धेरै व्यक्ति अट्ने यसले वातावरण प्रदुषण कम गर्छ । पेट्रोलमा बाहिरिने विदेशी मुद्रा सञ्चयमा पनि सहयोग पुग्छ ।'

ग्रामीण क्षेत्रमा थ्री-जिरो क्लबहरू गठन गरेर हामीले यस्तो वातावरणमैत्री गाउँ विकासका काम गर्न सकिने उनले बताए । शुन्य गरीबी, शुन्य बेरोजगारी र शुन्य हरितगृह ग्यास उत्सजन बनाउन १२ देखि ३५ वर्ष उमेर समूहका युवालाई नेतृत्वमा राखेर उनीहरूको ज्ञान, सीप, प्रविधि र ऊर्जाको सदुपयोग गर्दै वातावरणमैत्री विकास अघि बढाउने अवधारणासहित थ्री-जिरो क्लब गठन सुरु भएको समेत उनले जानकारी गराए । कार्यक्रममा सहभागी लघुवित्तका सदस्यहरूले ग्रामीण क्षेत्रमा प्लाष्टिकको सामानको साटो कुहिने पदार्थबाट निर्मित सामानको प्रयोग बढाउनुपर्ने बताए ।

प्लाष्टिकको झोलाको साटो फाइबर झोला, प्लाष्टिकको प्लेट र कपहरूका साटो पातबाट निर्मित दुनाटपरी उत्पादन गरी प्रयोग बढाउनु पर्ने उनीहरूको धारणा थियो । ग्रामीण अर्थतन्त्रको विकासमा कृषकको भूमिका महत्वपूर्ण हुँदाहुँदै कृषकले पाउनुपर्ने लाभ बिचौलियाले पाइरहेको, कृषि उपजको बजारीकरणको समस्या रहेको, स्थानीय तहका प्रतिनिधिको अदूरदर्शीताले ग्रामीण वातावरणसमेत विकास गर्ने गरी सडकलगायत पूर्वाधार विकास भइरहेको भन्दै उनीहरूले चिन्तासमेत व्यक्त गरे । कार्यक्रमको सहजीकरण महुली लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत गंगाधर पाण्डेले गरेका थिए । कार्यक्रममा झण्डै एकसय महिला लघुवित्त सदस्यहरूको सहभागिता थियो ।

# तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन २०७८ का झलकहरु






















"घर घरमा श्रम फैलाऔं, गरीबीलाई शुन्य बनाऔं"
तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन











